# गरुडा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**गरुडा, रौतहट**
**मधेश प्रदेश, नेपाल**

## आ.व.२०८२/०८३ को लागि आन्तिरिक आय ठेक्का सम्बन्धि शिलवन्दी दरभाउ पत्र आहवानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०३/०९**

यस नगरपालिकाको मिति २०८२/०२/२१ गतेको निर्णय अनुसार यस कार्यालयबाट स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम निम्न अनुसारको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलको दर रेट, शर्तहरुलाई पालना गर्ने गरी इजाजत प्राप्त फर्म, संस्था, व्यक्तीले प्यान नम्वरमा दर्ता भएमा मूल्य अभिवृद्धिकर (भ्याट) मा दर्ता भएको इजाजत प्रमाण पत्रको नवीकरण गरिएको तथा आ.व.२०८०/०८१ को आयकर चुक्ता गरेको प्रमाणको प्रतिलिपि राखि इच्छुक फर्म वा कम्पनीहरुले दरभाउ खरिद गरी रित पूर्वक भरि शिलवन्दी दरभाउ पत्र ३० दिन भित्र पेश गर्न हुनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

| ठेक्का नं. | ठेक्काको किसिम | कर उठाउनु पर्ने क्षेत्र | न्युनतम कबोल अंक (मु.अ.कर बाहेक) | शिलवन्द दर भाउ पत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| २४/२०८१/०८२ | गरुडा पशु बजार | गरुडा बजार क्षेत्र | रु.१७,००,०००।- | रु.१०००।- | |
| २५/२०८१/०८२ | शिवनगर महम्मदपुर तरकारी बजार | शिवनगर बजार क्षेत्रभित्र | रु.३,५०,०००।- | रु.१०००।- | |
| २६/२०८१/०८२ | रघुनाथपुर विर्ता बजार | विर्ता बजार क्षेत्र | रु.१,००,०००।- | रु.१०००।- | |
| २७/२०८१/०८२ | झाँझ नदी माछा ठेक्का | | १,००,०००।- | रु.१०००।- | |
| २८/२०८२/०८३ | पोठियाहि पोखरी माछा ठेक्का(३ वटा पोखरी र २ वटा डवरी) | | २५०००००।- | रु.३०००।- | पाँच ५ वर्षको लागि |

**<u>शर्तहरू</u> :**

१. ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०८३ साल असाढ मसान्त सम्म हुनेछ।
२. ठेक्काको अवधि माछा पोखरीको हकमा सम्झौता भएको मिति देखि २०८७ साल असाढ मसान्त सम्म पाँच ५ बर्षको लागि हुनेछ।
३. टेन्डर फारम २०८२/०३/०८ देखि २०८२/०४/०५ गते ५ बजेसम्म खरिद गर्नुपर्ने छ।
४. टेन्डर फारम सिलवन्दी गरी मिति २०८२/०४/०६ गते दिनको १२ बजे सम्म यस न.पा.कार्यालयमा दर्ता गराइसक्नुपर्ने छ।
५. रित पूर्वक दर्ता हुन आएको गोप्य शिलवन्दी टेन्डर फारमहरु मिति २०८२/०४/०६ गते दिनको २:०० बजे खोलिने छ।
६. टेन्डर फारम खरिद गर्ने अन्तिम दिन, टेन्डर फारम दर्ता गराउने र खोल्ने दिन विदा परे सो को भोलि पल्ट गरिनेछ।
७. धरौटी वापतको रकम स्वदेशी नागरीक भएमा बोल कबोल अंकको ५ प्रतिशत र विदेशी नागरीक भए बोल कबोल अंकको १० प्रतिशत रकम एन आई सि एशिया बैंक लि.गरुडा स्थित यस न.पा.को धरौटी खाता नं.01CA052591852403 मा जम्मा गरी सक्कले भाउचर वा बैंक ग्यारेन्टी गोप्य शिलवन्दी फारम सँग पेश गर्नुपर्ने छ।
८. ठेक्का कबोल रकम स्वीकृत दरभाउ पत्र दाताले एक वर्षको लागि कबोल रकम एकमुष्ट नगद बुझाउनु पर्नेछ र सो वापत १० प्रतिशत सहुलियत स्वरुप छुट दिइनेछ।
९. शिलवन्दी फारममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझने गरी लेख्नुपर्नेछ।
१०. टेन्डर स्वीकृत भएको ७ दिन भित्र रकम बुझाउन नआएमा धरौटी जफत गरी क्रमश अर्को टेन्डर स्वीकृत गरिनेछ।
११. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेकेदार स्वयमले यस कार्यालयमा नगदी दाखिला गर्नुपनेछ।
१२. बन्द हडताल लगायत जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षतिपुग्न गएमा ठेकेदार स्वयमले जिम्मेवार हुनुपर्ने र त्यस वापत यस कार्यालयबाट कुनै क्षतिपूर्ती तथा मिनहा दिनेछैन।
१३. ठेक्का स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस न.पा.लाई रहनेछ।
१४. शर्तहरु पालना गर्न नसक्ने ठेकेदारको ठेक्का न.पा.ले तोडन सक्नेछ।
१५. न.पा.ले निर्धारण गरेको दर रेटमा नबढाई शुल्क उठाउनु पर्नेछ।
१६. यसमा नखुलेका शर्त तथा अन्य कुरा प्रचलित ऐन कानुन र यस न.पा.को निर्णय अनुसार हुनेछ।

**मुहम्मद मुस्ताक आलम**
**(प्रमुख प्रशासकीय अधिकृत)**